नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक १८ २०८१ साल मंसिर २३ गते आइतवार (8 Dec. 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – पृष्ठ २ मा : सञ्चार क्षेत्रको विकास र उत्थानका ... पृष्ठ ३ मा : स्टार्टअप : युवाहरुको ... पृष्ठ ४ मा : वैदेशिक रोजगारीमा सधैं ... पृष्ठ ५ मा : मधेशले संविधानमा सुधार ...

## सप्तरीमा दुई लाख मेट्रिक टनभन्दा बढी धान उत्पादन

**जनकपुरधाम**/मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आर्थिक वर्षमा प्रदेशमा १५ लाख दुई हजार चार सय ५८ मेट्रिकटन धान उत्पादन हुने अनुमान गरेको छ। गत आर्थिक वर्षमा १२ लाख ९६ हजार छ सय सात मेट्रिकटन धान उत्पादन भएकामा यस वर्ष उत्पादन बढ्ने मन्त्रालयको अनुमान छ।

समयमै पानी परेको तथा मल तथा बिउ सजिलो गरी उपलब्ध भएको तथा मौसमले साथ दिएकाले धान उत्पादन राम्रो भएको मन्त्रालयका कृषि प्रसार अधिकृत तथा प्रवक्ता रोशनकुमार मेहताले बताएका छन्।

धानवाली लगाइएको क्षेत्रफल तथा उत्पादन हुने अनुमानको आधारमा गत आवको तुलनामा चालु आवमा प्रतिहेक्टर शुन्य दशमलव पाँच मेट्रिकटन धान बढी उत्पादन हुने मन्त्रालयको अनुमान छ। गतवर्ष प्रतिहेक्टर तीन दशमलव ५० मेट्रिकटन धान उत्पादन भएको थियो।

सप्तरीमा ६५ हजार दुई सय ८० हेक्टर जमिनमा दुई लाख ६१ हजार एक सय २० मेट्रिकटन र रौतहटमा ३७ हजार छ सय २० हेक्टरमा एक लाख ५० हजार चार सय ८० मेट्रिकटन धान उत्पादन हुने मन्त्रालयको अनुमान छ।

पर्सामा ४६ हजार हेक्टरमा एक लाख ८४ हजार सात सय ४९ मेट्रिकटन, सर्लाहीमा ४५ हजार हेक्टरमा एक लाख ८२ हजार एक सय ६० मेट्रिकटन, धनुषामा ४१ हजार पाँच सय ६५ हेक्टरमा एक लाख ६६ हजार दुई सय ६० मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको छ।

महोतरीमा ४१ हजार नौ सय ८२ हेक्टरमा एक लाख ६७ हजार सात सय ७० मेट्रिकटन, सिरहामा ५२ हजार तीन सय ८० हेक्टरमा दुई लाख नौ हजार पाँच सय २० मेट्रिकटन, बारामा ४५ हजार ९९ दशमलव पाँच हेक्टरमा एक लाख ८० हजार तीन सय ९८ दशमलव चार मेट्रिकटन धान उत्पादन भएको अनुमान गरिएको छ।

जनकपुरस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्यालयले किसानसँग धान खरिद प्रक्रिया भइसकेको जनाएको छ।

## पत्रकार महासंघको अध्यक्षका लागि पाँचजनाको उम्मेदवारी

**राजविराज**/मंसिर २८ गते हुने नेपाल पत्रकार महासङ्घको अध्यक्ष पदका लागि पाँचजनाले उम्मेदवारी दिएका छन्। अध्यक्षका लागि कमल गिरी, देवीप्रसाद सापकोटा, निर्मला शर्मा, रमेश विष्ट र लालसिंह (एलएस) लामाको उम्मेदवारी परेको छ।

गिरी प्रेस सेन्टर नेपाल नेतृत्वको संयुक्त प्यानलबाट उम्मेदवारी दिएका हुन् भने शर्माले प्रेस चौतारीसहित प्यानलबाट उम्मेदवारी दिएका छन्। त्यसैगरी, विष्टले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

त्यसैगरी, वरिष्ठ उपाध्यक्षमा गोविन्दप्रसाद चौलागाईं, दामोदरप्रसाद दवाडी, दीपक आचार्य र रोशन पुरीसहित चारजनाको उम्मेदवारी परेको छ। चौलागाइ चौतारी नेतृत्वको प्यानलका उम्मेदवार हुन। पुरी प्रेस सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुन।

उपाध्यक्ष महिलामा गङ्गा पौडेल र नितु पण्डितको उम्मेदवारी परेको छ। बराल प्रेस सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुन भने पण्डित चौतारी नेतृत्व प्यानलको उम्मेदवार हुन।

त्यसैगरी, महासचिवमा जन्मदेव जैसी, प्रकाश थापा, रामप्रसाद दाहाल लेखनाथ न्यौपानेको उम्मेदवारी परेको छ। जसमा दाहाल चौतारी नेतृत्वको प्यानलबाट उम्मेदवार हुनुहुन्छ भने न्यौपाने सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुन। ५२ सदस्यीय केन्द्रीय कार्यसमितिका लागि एक सय ३३ जनाको उम्मेदवारी परेको छ।

महासङ्घको निर्वाचन कार्यतालिकाअनुसार शुक्रबार बिहान १० देखि साँझ ५ बजेसम्म मनोनयन दर्ता गर्न समयसीमा तोकिएकामा उक्त समयसीमाभित्र ४७ पदका लागि एक सय ३३ जनाको उम्मेदवारी दर्ता भएको छ।

## नवनिर्वाचित वडा अध्यक्ष साह पक्राउ

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ का नवनिर्वाचित वडाअध्यक्ष धीरेन्द्र कुमार साह पक्राउ परेका छन्। उनी सपथग्रहण लगत्तै पदभार ग्रहण कार्यक्रममा सहभागी हुन पुगेका बेला प्रहरीले पक्राउ गरेको हो।

तीन वर्ष अघि भएको सोही वडाकी १९ वर्षिया एक युवतीको अपहरण, जबरजस्तीकरणी र कर्तव्य ज्यान घटनामा उनको समेत संलग्नता रहेको भन्दै प्रहरीमा परेको उजुरी र अदालतको परमादेशको आधारमा नवनिर्वाचित वडाअध्यक्ष साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।



यही मंसिर १६ गते सम्पन्न उपनिर्वाचनमा साह जनता समाजवादी पार्टी (जसपा) नेपालबाट वडाअध्यक्ष पदमा निर्वाचित भएका हुन्। अघिल्लो दिन बिहीवार पदभार ग्रहण कार्यक्रममा सरिक हुन पुगेका बेला उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले साह उपर अपहरण तथा शरिर बन्धक, जबरजस्तीकरणी र कर्तव्य ज्यान मुद्दामा अनुसन्धान प्रक्रिया अघि बढाइएको जानकारी दिए। अघिल्लो दिन साँझ पक्राउ परेका साहलाई लगातार सार्वजनिक विदा परेकाले सोमवार मात्र म्याद थपका लागि अदालतमा उपस्थित गराईने उनको भनाई छ।

प्रहरीका अनुसार साह र अन्य केही प्रतिवादी माथी सोही वडाकी १९ वर्षिया युवतीको २०७९ साल साउन १७ गते अपहरण तथा शरीर बन्धक, जबरजस्तीकरणी र कर्तव्य ज्यान लगायतका अपराध गरेको आरोप छ।

यसरी युवतीलाई अपहरण, बलात्कार र कर्तव्य ज्यान लगायतका अपराध गरेको भन्दै साह सहितका व्यक्तिहरु विरुद्ध २०७९ साल साउन १९ गते पीडित परिवारद्वारा इलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी परेको थियो। त्यसपछी उनी फरार भएका थिए।

यसबारे २०८० साल जेठ १० गते जिल्ला सरकारी वकिल कार्यालय सप्तरीबाट समेत इलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी परेको र २०८० चैत्र उच्च अदालत जनकपुर-राजविराज इजलाशबाट परमादेश जारी भएको प्रहरीको भनाइ छ।

यस्तै २०८१ साउन १४ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा उक्त मुद्दा दर्ता भएको थियो। त्यस पश्चात् २०८१ साउन १५ गते साहसहित प्रतिवादी विरुद्ध पक्राउ पूर्जी प्राप्त भएपछी साहलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले खोजतलास गरिरहेको र पक्राउ पर्न सक्ने आँकलन गर्दै साह उम्मेदारी मनोनयनका दिन आफु उपस्थित नभई वारेस मार्फत मनोनयन पत्र दर्ता गराएका थिए।

यसअघि वडाअध्यक्ष पदमा उक्त वडाबाट निर्वाचित भएका नेपाली काँग्रेसका प्रितमलाल चौधरीको निधन भएका कारण उपनिर्वाचन भएको थियो। तर नवनिर्वाचित वडाअध्यक्ष संगिन अपराधमा पक्राउ परे पछी एक पल्ट फेरी उक्त वडा अहिले जनप्रतिनिधीविहिन बन्न पुगेको छ।

## आज मधेश प्रदेशमा सार्वजनिक बिदा

**राजविराज**/बाराको महागढीमाई नगरपालिकामा लाग्ने पञ्चवार्षिक गढीमाई मेलाका अवसरमा मंसिर आज प्रदेश सरकारले सार्वजनिक बिदा दिएको छ।

गत मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले विश्वप्रसिद्ध गढीमाई मेलाको विशेष पूजा

*बाँकी पाँच पृष्ठमा*

## आजदेखी मतदाता नामावलीमा नाम दर्ता सुरु

**राजविराज**/निर्वाचन आयोगले आजदेखि सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता सुरु गर्ने निर्णय गरेको छ।

यसअघि स्थानीय तह उपनिर्वाचन प्रयोजनको लागि देशभरबाट नियमित रूपमा भइरहेको मतदाता नामावली दर्ता गर्ने कार्य स्थगित गरिएकामा सो उपनिर्वाचन सम्पन्न भई परिणामसमेत प्राप्त भइसकेकाले नियमित मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य सुरु गर्न लागिएको आयोगले जनाएको छ।

कुनै व्यक्ति पेसा, व्यवसाय वा अन्य कुनै कारणले आफ्नो स्थायी ठेगानाभन्दा फरक अर्को कुनै जिल्लामा बसोबास गरिरहेको भए पनि निजले मतदाता नामावलीमा आफ्नो नाम दर्ताका लागि आवश्यक प्रमाणसहित आवेदन गरेमा निजको स्थायी ठेगानामा रहने गरी बाहिरि जिल्लाबाट समेत मतदाता नामावली दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको छ।

मतदाता नामावलीमा नाम दर्ताका लागि नेपाली नागरिकताको प्रमाणपत्र आवश्यकपर्ने आयोगले जनाएको छ। नागरिकतामा उल्लिखित ठेगानाभन्दा फरक ठेगानामा मतदाता नामावली दर्ता गर्न नागरिकता, बसाइँसराइ वा विवाह दर्ताको प्रमाणपत्र पेस गर्नुपर्नेछ। आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालका अनुसार अब मतदाता नामावलीमा भएको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्नेलगायत कार्य गर्न सकिने छ।

## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोवस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सरकारी अस्पतालले पनि नीजि जस्तो सुविधा दिन सक्छ !

सरकारी अस्पतालले बिरामीको चाप थेग्न नसकेको र मागअनुसारको स्तरीय स्वास्थ्य सेवा दिन नसकेकाले निजीस्तरबाट अस्पताल खुल्ने क्रम बढ्दो छ । बिरामीका लागि निःशुल्क यातायात सेवा उपलब्ध गराउनेदेखि बिरामी बोकेको हेलिकोप्टर ल्यान्ड गर्न अस्पताल भवनमै हेलिप्याड भएका अस्पताल पनि खुलेका छन् । तर बिहान-बेलुका हातमुख जोड्न धौ-धौ हुने अधिकांश परिवारले महँगो शुल्कका कारण निजी अस्पतालमा उपचार गिराउने कल्पना गर्न पनि नसक्ने अवस्था छ ।

निजी स्वास्थ्य संस्थामा लाग्ने उपचार खर्च महँगो भएकाले नै बिरामीले सरकारी अस्पताल रोज्नु परेको हो । त्यसैले निजी क्षेत्रका अस्पतालले बिरामीबाट असुल्ने रकममा हुनेसम्म कटौती गर्नुपर्ने देखिन्छ । अस्पतालको संख्या बढे पनि निजी अस्पतालले असुल्ने महँगो शुल्कका कारण सर्वसाधारण बिरामीको पहुँच ती अस्पतालमा पुग्न सकेको छैन । अर्बौं लगानी भइसकेका यहाँका सरकारी अस्पतालमा समयसापेक्ष स्वास्थ्य सेवामा सुधार हुँदै जानुको सट्टा कमिसन र राजनीति हाबी भएकाले स्वास्थ्य सेवाको गुणस्तरमा ह्रास आइरहेको छ । फेरि सरकारी अस्पतालमा उपचार गराउन त्यहाँको कोही चिनेको हुनुपर्ने वा भनसुन गर्नुपर्ने परम्पराजस्तै भएको छ ।

निजी अस्पतालका लागि सरकारी अनुदान नहुनु, हस्पिटल उपकरणहरूमा पूर्णरुपमा भन्सार करसहित अन्य कर छुट नहुनु, उपचार सेवा एवम् परीक्षणहरूमा सेवाग्राहीले भ्याट तिर्नुपर्ने सरकारी प्रावधानले गर्दा निजी अस्पतालमा गरिने उपचार खर्च महँगो पर्ने बताउछन् । तसर्थ सरकारी अस्पताल पनि निजीस्तरका अस्पतालसँग प्रतिष्पर्धाका लागि नेताहरुले थोरै मात्र आफ्नो स्वार्थ त्यागेर जनताको सेवा भावनामा लागे अवश्य पनि सुधिने छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# सञ्चार क्षेत्रको विकास र उत्थानका लागि प्रदेश सरकार प्रतिबद्ध : मन्त्री लेखी

**जनकपुर**/मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले सञ्चार क्षेत्रको विकास र उत्थानका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।




मिडिया काउन्सिल मधेश प्रदेशका संस्थापक अध्यक्ष शिवहरी प्रसाद भट्टराइको दोश्रो वार्षिक पुण्यतिथिको अवसरमा मिडिया काउन्सिल मधेश प्रदेशले सोमबार आयोजना गरेको श्रद्धाञ्जलीसभामा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले मधेश प्रदेशका सञ्चारक्षेत्रका समस्याबारे संस्थागत रुपले सुझाव दिनका लागि आग्रह गरे । उनले ३० वर्ष पत्रकारिता गरेका पत्रकारको सम्मानका लागि बजेट विनियोजन गर्न आफुले मन्त्रिपरिषदमा विषय वस्तु उठान गरिसकेको भन्दै प्रत्येक जिल्लामा वरिष्ठ पत्रकारहरुको सम्मान गर्ने परिपाटी बसाल्नु पर्नेमा जोड दिए ।

उनले सञ्चार माध्यममा राजनीतिक विषयवस्तु मात्रै समाचार बन्ने गरेको भन्दै समाजमा देखिएका विकृतिहरुको विरुद्धमा पनि कलम चलाउनका लागि सञ्चारकर्मीहरुलाई आग्रह गरे । उनले सञ्चारकर्मीहरुले सत्यतथ्यलाई उजागर गर्नुपर्ने भन्दै आज भोली पित पत्रकारिता पनि बढ्दै गएकोमा चिन्ता व्यक्त गरे ।

उनले भने, हरेक दिन हजारौं मान्छेको मृत्यु हुन्छ । तर केही यस्तो व्यक्ति हुन्छ जसको मृत्यु भएमा समाजले नै शोक मनाउने गर्छ । त्यस्ता व्यक्तिहरु मध्येका एक शिवहरि प्रसाद भट्राई हुन ।

कार्यक्रममा प्रदेशसभा सदस्य रामअशिष यादवले सरकार मिडिया मैत्री भए मात्र लोकतन्त्र मजवुत हुने भएकोले प्रदेश सरकारलाई मिडियामैत्री बन्न सल्लाह समेत दिए । उनले संस्थागत अध्यक्ष भट्राई जस्तो सुकै समस्या समाधान गर्ने व्यक्ती रहेको भन्दै पत्रकारहरुको बिचमा द्वन्द्व हुँदा पनि समाधान गर्ने गरेको बताए ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले प्रदेश सरकारले पत्रकारको एक लाखको स्वास्थ्य बिमा र सात लाखको दुर्घटना बिमा गर्न लागेको र केही दिनभित्रै स्नाकोत्तर अध्यनका लागि केही पत्रकारलाई छात्रवृति दिने व्यवस्था गर्न लागेको बताए ।

मिडिया काउन्सिलका

*बाँकी पाँच पृष्ठमा*

# डाक्नेश्वरीको दुबै वडामा जसपा नेपाल बिजयी

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४ को अध्यक्षमा जनता समाजवादी पार्टी नेपालका उम्मेदवार बिजयी भएका छन् ।

सो नगरपालिकाको वडा नं. १ मा धिरेन्द्रकुमार साह र वडा नं. ४ मा देवेन्द्रप्रसाद यादव विजयी भएका हुन् ।

सम्पन्न उपनिर्वाचनमा वडा नं १ को अध्यक्षमा धिरेन्द्रकुमार साहले ६ सय ५२ मत प्राप्त गरि बिजयी भएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । साहका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका भुलियादेवी थरुनीले ५ सय ८७ मत प्राप्त गरिन् भने नेपाल कम्युनिष्ट पार्टी (एमाले)का भगवानी साहले २ सय ६५, राष्ट्रिय प्रजातन्त्र पार्टीका सतिशकुमार चौधरीले १ सय ६५, जनमत पार्टीका शैलेन्द्रकुमार साह (तेली)ले ७४, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमोदकुमार सन्तले २९, नागरिक उन्मुक्ति पार्टीका अनरुदप्रसाद चौधरीले २० र स्वतन्त्र उम्मेदवार सुशील साहले २ मत प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

यस्तै वडा नं. ४ को अध्यक्षमा देवेन्द्रप्रसाद यादवले ३ सय ७२ मत प्राप्त गरि बिजयी भएका छन् । यादवका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका जोगिन्द्र राय अमातले २ सय ७७ मत प्राप्त गरेका छन् । यस्तै जनमत पार्टीका उदय नारायण पण्डितले २ सय ३१, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सञ्जयकुमार यादवले ६८, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का भागवत रामले ९, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामकुमार यादवले ६ र नागरिक उन्मुक्ति पार्टीका शिवकुमार रामले ३ र जनता समाजवादी पार्टीका रविन्द्र रायले ३ मत प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

# नम्बर नखुलेको स्कोरपियोको ठक्करबाट सईको मृत्यु

**सिरहा**/नम्बर नखुलेको स्कोरपियोको ठक्करबाट सशस्त्र प्रहरी नायब निरीक्षक (सई) को मृत्यु भएको छ ।

नेपाल-भारत सीमा नजिकै सिरहाको बडियारपट्टी-१ कचनारीको भित्री सडकमा गस्तीमा रहेका सशस्त्र प्रहरी नायब निरीक्षक ४८ वर्षीय लक्ष्मणप्रसाद यादवको गत आइतबार बिहान मृत्यु भएको हो ।

ठक्कर दिएर उक्त स्कोरपियो भारततर्फ फरार भएको थियो । सोही प्रकरणमा दुई जनालाई पक्राउ गरिएको छ । अनुसन्धानका क्रममा सोधपुछका लागि दुई जनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

उनीहरूलाई आइतबार नियन्त्रणमा लिई आवश्यक बयान लिने काम भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए । घट्नामा प्रयोग भएको गाडी र सङ्लग्न व्यक्तिको पनि पहिचान भइसकेको पनि प्रहरी उपरीक्षक पण्डितले बताए ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

# स्टार्टअप : युवाहरुको डिजिटल कमाइ

**कृष्णहरि बास्कोटा**

विश्वव्यापीरुपमा युवाहरुलाई केन्द्रित गरी स्टार्टअप अभियान सञ्चालन भइरहेका छन् । यसमा युवाहरुको डिजिटल कमाइ लोभलाग्दो देखिएको छ । वर्तमान डिजिटल युगमा युवाहरुले ब्लगिङबाट कमाइरहेका छन् । उनीहरुले सोसल मिडिया (युट्युब, फेसबुक, इन्स्ट्राग्राम) बाट आफ्नो उत्पादन विक्री र प्रवर्द्धन गरिरहेका छन् ।

केही युवाले घरमै बसेर फ्रिलान्सिङबाट पनि कमाएका छन् । केहीले होम क्यान्टिनबाट अफिस, कलेजमा खाना पुऱ्याई सेवा र आम्दानी दुवै एकैसाथ गरेका छन् । केही युवाले भर्चुअल असिस्टेन्ट भई आम्दानी गरेका छन् । केहीले कल सेन्टर सञ्चालन गरेका छन् । केही युवाले इफ्रेन्डबाट डिजिटल समस्याको समाधान गरी आय आर्जन गरेका छन् । यसरी, अधिकांश युवाहरु स्टार्टअप अभियानअन्तर्गत डिजिटल प्लेटफर्ममा सहभागी भएका छन् ।

वर्तमान समय सूचना प्रविधिको युग हो । यसर्थ, विश्वका ठूला कम्पनीहरु- एप्पल, माइक्रो सफ्ट, गुगल, एमाजोन, एनभिडियालगायत सूचना प्रविधिमा आधारित छन् । विश्वव्यापी स्तरमा यिनीहरुको कमाइ उच्च छ । गत आ.व.मा हामीले पनि रु. ८० अर्ब बराबरको सूचना प्रविधिमा आधारित सेवा निकासी गऱ्यौं। केही वर्षमै यसलाई ५ खर्बमा वृद्धि गर्न सकिने सम्भावना आँकलन गरिएको छ । यसबाट नयाँ ५ लाख रोजगारी उपलब्ध हुनेछ । यसका लागि पूर्वाधारमा लगानी र कानुनी संरचनामा सुधारको खाँचो छ । नेपालको भूगोल, ऋतु र तापमानका आधारमा ठूला डाटा सेन्टर र क्लाउड स्थापना गर्न सकिने सम्भावना छ । यसर्थ, हामीले यसतर्फ हाम्रो प्राथमिकता केन्द्रित गर्नुपर्छ ।

हाल जेनजी पुस्ताको जमाना हो । यो पुस्ता रिमोट वर्किङमा अभ्यस्त हुँदै गएको छ । जेनजी पुस्ताका आइकन उद्यमीहरु- बेन फ्रान्सिस ( फिटनेस पहिरन), बेन्जामिन किक (स्निकर्स रिसेलिङ व्यवसाय), मोजियाह (बो टाई), इवान स्पिजेल ( स्न्याप च्याट), एलिना मेर्स (जोली पप), ग्रेटा थुनवार्ज ( जलवायु परिवर्तनकी अभियन्ता) लगायत हुन् । यी पुस्ताले स्टार्टअपका फाइदाहरु बुझेका छन् । जसअनुसार आफ्नो सपना साकार पार्न, नाम र दाम कमाउन र आत्मसन्तुष्टिका लागि युवापुस्ता स्टार्टअप अभियानमा सहभागी भएका छन् । साथै, यिनीहरु आफूबाट इन्नोभेसन हुने, सामाजिक प्रतिष्ठा आर्जन हुने, अरुका लागि प्रेरणाको स्रोत बन्न सकिने कारण पनि स्टार्टअप अभियानसँग जोडिएका छन् । मेटलाइफ र युएस चेम्बरको अध्ययनअनुसार सामान्यतः स्टार्टअप व्यवसायीहरु औसतमा दैनिक १४ घण्टा काम गर्छन् ।

स्टार्टअप लगानीकर्ताहरुले लगानीको आरम्भ बुट स्ट्र्याप फन्डिङबाट गरेको पाइन्छ । यसपछि सिड मनी र ए, बी, सी र डी राउड फन्डिङबाट लगानी भएको बुझिन्छ । साथै, आईपीओ जारी गरेर पनि लगानी जुटाइन्छ। अधिकांश स्टार्टअपहरु नवप्रवर्द्धनमा जुटेका छन् । विश्व इन्नोभेसन सूचक ( जीआईआई) मा स्वीट्जरल्यान्ड, स्विडेन, अमेरिका, सिंगापुर र बेलायत उत्कृष्ट मुलुकमा पर्दछन् । एसियामा सिंगापुर, कोरिया, चीन, जापान र इजरायल अग्रस्थानमा छन् ।

सिंगापुरको जीआईआई ६१.२ छ भने नेपालको १८.१ छ। हामी विश्वमा १०९औँ स्थानमा छौं । यसै गरी, वैज्ञानिक आविष्कारका क्षेत्रमा अमेरिका, बेलायत, जर्मनी, फ्रान्स र जापान अग्रस्थानमा छन् । अन्तर्राष्ट्रिय विज्ञान ओलम्पियाडमा चीन, अमेरिका, रसिया, दक्षिण कोरिया, सिंगापुर, भियतनाम, ताइवान, इन्डियाका विद्यार्थीले स्वर्णपदक जित्दा नेपालका विद्यार्थी ४२५औँ र ४८७औँ स्थानमा परेका छन् । यसबाट हामी पछाडि रहेको बुझिन्छ । यसमा सुधारको जरुरत छ ।

हालै यसै पंक्तिकारको नेतृत्वमा रहको सीआईजीपी नामक संस्थाले इनलोगस् नामक संस्थासँगको सहकार्यमा इनोभेसन र स्टार्टअपका सम्बन्धमा राष्ट्रिय स्तरको कार्यक्रम आयोजना गरेको थियो । जसमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारले सञ्चालनमा ल्याएका मध्ये स्टार्टअप कार्यक्रम सफलताको संघारमा रहेको कुरा बताउनुभएको थियो । उहाँले यो वर्ष १ अर्ब रुपियाँबाट करिब ६ सयदेखि एक हजार उद्यमीलाई सघाउन सकिने राय व्यक्त गर्नुभयो । तर, प्रस्ताव आह्वान गर्दा पाँच हजारभन्दा बढीले उद्यमी बन्ने इच्छा प्रकट गरेकाले वाणिज्य बैंकहरुले बाँकी प्रस्तावकर्तालाई सघाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रस्तुत सन्दर्भमा यस कार्यक्रमलाई सघाउने नबिल बैंक, नबिल स्कुल अफ सोसियल इन्टरपेनरसिपका तर्फबाट उक्त बैंकका अध्यक्ष उपेन्द्र पौडेलले नबिल एसएसईले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक उद्यमशीलताको विकासमार्फत सामाजिक रुपान्तरणमा सक्रिय रहेको बताउनुभएको थियो । उहाँका अनुसार नबिल एसएसईबाट आठ सयभन्दा बढीले उद्यमशीलतासम्बन्धी प्रशिक्षण लिएको र १२ सय रोजगारी सृजना गर्न सफल भएको छ । यसरी, नवीन सोच भएका र आफ्नै खुट्टामा उभिन खोज्नेलाई उक्त बैंकले सघाइरहेको छ ।

साथै, उक्त बैंकको सहयोगमा ११७ वटा नयाँ उद्यमहरुको स्थापना भएको छ । उक्त बैंकले १२ वटा शैक्षिक संस्थाहरुसँग सहकार्य गरी आएको छ । यस बैंकले आवासीय तालिम र मेन्टरसिप प्रदान गर्दै आएको छ । यस बैंकले ५६ वटा सामाजिक संस्थालाई उद्यमी तालिम प्रदान गरेको छ । यसरी नबिल बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्टार्टअप अभियानलाई पूर्णतः सघाइरहेको छ ।

नेपाल सरकारले चालू आ.व. २०८१।८२ मा स्टार्टअप नेसन, २०३० कार्यक्रम घोषणा गरेको छ । २०८१ भदौ ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीबाट यो अभियानको उद्घाटन भएको थियो । गरिबी घटाउन र राष्ट्रिय आत्मविश्वास बढाउन सरकारले एक हजार स्टार्टअप आरम्भ गरी एक लाखलाई रोजगारी दिने ध्येय लिएको छ । सरकारले क्रियटिभ इकोनोमी र इनोभेटिभ सोलुसनको ध्येय राखेको छ । स्वदेशमै केही गर्ने नवीनतम् र सृजनशील सोच भएकालाई सरकारले सहुलियतमा ऋण दिने अभियान अघि बढेको छ । स्टार्टअप र नवप्रवर्द्धनका लागि इकोसिस्टम विकास गर्ने, स्टार्टअप बोर्ड गठन गर्ने प्रतिबद्धतामा सरकार अडिग छ । यसका लागि सरकारले स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ जारी गरेको छ । यस कामको जिम्मेवारी औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले पाएको छ । उक्त प्रतिष्ठानले विशेष गरी युवा उद्यमी र डिजिटल प्रविधिबाट काम गर्ने प्रस्तावलाई उच्च महत्व दिने अपेक्षा गरिन्छ ।

स्टार्टअप अभियानमा करिब ५ हजार उद्यमीले उत्पादनमूलक, सेवामूलक, औषधिजन्य, कृषि र पशुपक्षीलगायतका उद्यमका लागि प्रस्ताव गरेका छन् । यस्ता उद्यमशील प्रस्तावहरुमा साना पसल, खाजाघर, हस्तकला, एग्रो फर्म, कृषि फर्म, पशुपक्षी फर्म, पोल्ट्री व्यवसाय, मोबाइल पसल, कपडा पसल, होजियारी उद्योग, डेरी उद्योग आदि रहेका छन् । करिब ३० जिल्लाबाट यस्तो प्रस्ताव प्राप्त भएको बताइएको छ । सरकारले जारी गरेको कार्यविधिअनुसार कर्जाका लागि मुख्य ५ योग्यता तोकिएको छ । जसमा पहिलो, उद्यम व्यवसाय दर्ता भई १० वर्ष ननाघेको हुनुपर्छ । दोस्रो, सम्बन्धित निकायमा दर्ता भएको ( प्रा.लि, कम्पनी, साझेदारी वा सहकारीमा दर्ता) हुनुपर्छ । तेस्रो, कुनै पनि वर्षको कारोबार रु १५ करोडभन्दा बढी नभएको हुनुपर्छ । चौथो, उद्यम व्यवसाय नटुक्रिएको वा नगाभिएको हुनुपर्छ । पाचौं, नवीन एवं सृजनशील सोचमा आधारित, रुपान्तरण गरी तीव्र विकासका सम्भावना भएको हुनुपर्छ ।

यसरी सरकारी कार्यविधिअनुसार योग्यता पुगेका उद्यमीहरुले न्यूनतम रु. ५ लाखदेखि रु. २५ लाख कर्जा पाउनेछन् । यसको ब्याजदर ३ प्रतिशत तोकिएको छ । यस्तो ऋण राष्ट्रिय वाणिज्य बैंकमार्फत उपलब्ध हुनेछ । तर, एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेस गर्न पाइने छैन । यस्तो कर्जाका लागि परियोजना नै धितो राख्न सकिनेछ । साथै, कर्जा प्रवाह गर्ने बैंकले ०.१ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन पाउने छैन । यस अभियानमा राम्रो काम गर्नेलाई पुरस्कारको पनि व्यवस्था गरिएको छ । यसरी नेपाल सरकारले उच्च महत्वका साथ अघि सारेको स्टार्टअप अभियानमा सहभागी हुन आम युवालाई आह्वान गर्दै युग सुहाउँदो डिजिटल प्रविधिलाई बढावा दिन पनि युवाहरुलाई सार्वजनिक आह्वान गर्दछु ।

न्युज अफ नेपालबाट




अनुरोधकर्ता : रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी





अनुरोधकर्ता : बोदेबरसाइन नगर कार्यपालिकाको कार्यालय, सप्तरी

# वैदेशिक रोजगारीमा सधैं भर पर्ने कि राज्यले केही पहल गर्ने ?





चित्ररेखा सिलवाल

> समाजमा अहिले एउटा भाष्य नै स्थापित भएको छ— नेपालमा बसेर केही हुँदैन, काम गर्ने वातावरण नै छैन । एउटा स्कुल पढ्दै गरेको बच्चा म पनि विदेश जान्छु भन्छ । किनकि उसले घर–परिवार र छरछिमेकमा विदेश गएकै देख्छ अनि विदेश नै सुन्छ ।

रोजगारी वा अवसरको खोजीमा दैनिक दुई हजारको हाराहारीमा नेपाली बिदेसिने गर्छन्– प्रायः पत्रपत्रिका र जनबोलीमा दोहोरिइरहने वाक्य हुन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हृदय विदारक दृश्य देखिन्छन्– देश छाड्दै गरेको भिडको, नेपाली धर्ती आकाशमा सपना नअटाएको भिडको । अर्कोतिर विमानस्थलमै दिनहुँ करिब पाँच शव भित्रिन्छन् ।

यी सब आँकडा अनि यी सब दृश्यसँग हामी अभ्यस्त भइसकेका छौँ । अर्कोतिर अब्बल छौँ, रेमिट्यान्स भित्र्याउनमा । विप्रेषणको ग्राफ बढ्दो छ । राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार, देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिमा विप्रेषण आप्रवाह ११.५ प्रतिशतले वृद्धि भई ४०७ अर्ब ३१ करोड रुपैयाँ पुगेको छ ।

विप्रेषणप्रतिको हाम्रो मोह उग्र छ । त्यसैले त बजेटको बुँदा १३८ मा 'वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चतताका आधारमा बिनाधितो ऋण उपलब्ध गराइने' प्रतिबद्धता जनाइएको छ । वैदेशिक रोजगारीमा जानुपूर्व गरिने अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने पनि बजेटमा उल्लेख छ ।

विप्रेषणले नै देशलाई प्राणवायु दिएको छ भन्दा फरक पर्दैन । देशको कुल गाहर्स्थ्य उत्पादनको अनुपातमा विप्रेषण २३ प्रतिशत हाराहारी पुगेको छ । विप्रेषणका कारण नै शोधनान्तर बचतको अवस्थामा छ ।

वैदेशिक व्यापार, पर्यटन, विदेशी लगानी लगायत वैदेशिक मुद्रा आर्जनका स्रोतको अवस्था निराशाजनक रहेको अवस्थामा वैदेशिक मुद्रा सञ्चितिको बलियो माध्यम पनि विप्रेषण नै बनेको छ ।

देशभित्र पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा विकल्पका रूपमा वैदेशिक रोजगारी देखापरेको छ । निःसन्देह वैदेशिक रोजगारीका कारण खरको छाना जस्तापाताले टल्किएको छ । जस्ताको छाना महल बनेर ठडिएको छ । वैदेशिक रोजगारीले भौतिक समृद्धिको दुई-चार इँटा थपे पनि आत्मिक सुख र शान्ति धेरैको हकमा गुमेको छ । मानसिक स्वास्थ्यको स्थिति खस्किँदो छ । धेरैजना विदेश जाने नाममा र विदेशी भूमिमै ठगिएका पनि छन् । तत्काललाई वैदेशिक रोजगारी समस्याको समाधानजस्तो लागे पनि कालान्तरमा यसको असर भयावह हुने आकलन सजिलै गर्न सकिन्छ ।

भर समाजमा अहिले एउटा भाष्य नै स्थापित भएको छ– नेपालमा बसेर केही हुँदैन, काम गर्ने वातावरण नै छैन । एउटा स्कुल पढ्दै गरेको बच्चा म पनि विदेश जान्छु भन्छ । किनकि उसले घर-परिवार र छरछिमेकमा विदेश गएकै देख्छ अनि विदेश नै सुन्छ ।

वैदेशिक रोजगार ऐन (२०६४) अनुसार व्यक्तिगत, संस्थागत तथा नेपाल सरकार र गन्तव्य मुलुकका बिचमा भएको सम्झौता बमोजिम नेपाली नागरिक वैदेशिक रोजगारमा जान सक्ने व्यवस्था छ ।

आर्थिक सर्वेक्षण २०८०/०८१ बमोजिम २०८० फागुन मसान्तसम्म वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या ५९ लाख ६९ हजार पुगेको छ । यो संख्या त वैधानिक तरिकाबाट विदेश जानेको भयो । अवैधानिक तरिकाबाट विदेश गएर अलपत्र परेका समाचार आइराखेका हुन्छन् । त्यसैले बिदेसिनेको वास्तविक संख्या योभन्दा निकै धेरै रहेको सहजै अनुमान लगाउन सकिन्छ ।

वैदेशिक रोजगार बोर्ड सचिवालयको आ.व. २०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन बमोजिम मृत्यु भएका कामदारको नजिकको हकवालालाई आर्थिक सहायता रकम ६९ करोड ९९ लाख ५ हजार रुपैयाँ प्रदान गरेको देखिन्छ । बिरामी एवं अङ्गभङ्ग भएका कामदारलाई स्वास्थ्योपचार खर्च, शव वाहन सेवा र अलपत्र शव झिकाउन तथा समन्वयमा पनि करोडौँ रकम खर्च भएको देखिन्छ ।

मृत्यु र अङ्गभङ्गको घाउ केही लाख क्षतिपूर्ति रकमले निको हुँदैन नै । यस्ता शीर्षकमा बजेट खर्च गर्नपर्नु कुनै पनि राष्ट्रका लागि सुखद कुरा पक्कै होइन । एकातिर रेमिट्यान्स सँगसँगै अङ्गभङ्ग र मृत्युको ग्राफ बढ्दो छ भने अर्कोतिर विदेशी भूमिमा उमेर र पसिना बगाएर फर्किने जनशक्तिको उचित व्यवस्थापन गर्नुपर्ने विषय पनि पेचिलो बन्दै गइरहेको छ ।

युवाहरु बिदेसिँदा गाउँघर रित्ता र खेतबारी बाँझा भएका छन् । विप्रेषण रकमको धेरै अंश समेत उपभोगमै खर्च हुन्छ, यसलाई उत्पादनसँग जोड्न सकिएको छैन । यसबाट स्पष्ट छ कि वैदेशिक रोजगारीलाई बढावा दिनु भनेकै आफ्नै देशको विकासको गतिलाई पछि धकेल्नुसरह हो ।

देशको अर्थतन्त्रलाई संवैधानिक परिकल्पना बमोजिम स्वतन्त्र, आत्मनिर्भर र दिगो आधारसहितको बनाउनुपर्नेमा अर्थतन्त्रका समस्याको अल्पकालीन र सतही समाधानमै हामी रमाइरहेका छौँ । शारीरिक, मानसिक र संवेगात्मक रूपमा स्वस्थ अनि सन्तुलित, दक्ष र सिर्जनशील जनशक्तिविना देशको अग्रगामी विकासको परिकल्पना गर्न सकिँदैन । त्यसैले जनतालाई फगत संख्याको र अल्पकालीन व्यस्थापनका रूपमा मात्र नभई देशको विकास र गर्व गर्न लायक शक्तिका रूपमा स्पष्ट कार्ययोजनासहित बदल्न निकै ढिला भइसकेको छ ।

**अब के गर्ने ?**

वैदेशिक श्रमलाई विकल्परहित र बाध्यात्मक रुपमा होइन, व्यक्तिको इच्छा र रुचिमा आधारित एउटा विकल्पका रूपमा लिइनुपर्छ । यसका लागि पर्याप्त आन्तरिक रोजगारीको सिर्जना अपरिहार्य छ ।

रोजगारी सिर्जना गर्नका लागि क्षेत्रगत जनशक्ति विकासको स्पष्ट रणनीति र कार्यान्वयनयोग्य कार्यनीति आवश्यक छ । यस्तै, जनशक्ति व्यवस्थापनमा तहगत सरकारहरूको भूमिका समेत स्पष्ट पारिनुपर्छ ।

स्वरोजगार, आर्थिकवृद्धि र विकास, लघु तथा घरेलु उद्योग, उद्यमशीलता प्रवर्द्धन लगायत कार्यक्रमलाई पहुँचवाला र बिचौलियाका लागि भन्दा पनि आर्थिक र सामाजिक रूपमा किनाराकृत वर्गका लागि सुनिश्चित गरिनुपर्छ ।

अर्थोपार्जनमा नजोडिएसम्म यस्ता कार्यक्रमको औचित्य नरहने हुँदा तहगत सरकारहरूले उत्पादित वस्तु तथा सेवाहरूको बजारीकरणमा सहयोग पुऱ्याउनुपर्छ । यस्ता कार्यक्रमले जीवनयापन र जीवनस्तरमा पारेको प्रभावको निरन्तर विश्लेषण र सञ्चार गरिनुपर्छ ।

निजी क्षेत्रको सक्रियताविना ठूलो मात्रामा रोजगारी सिर्जना सम्भव हुँदैन । त्यसैले लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रलाई लगानी गर्न उत्प्रेरित गरिनुपर्छ । निजी क्षेत्रले लगानी गर्ने र उत्पादन गर्ने वातावरण बनेमा स्वतः रोजगारी सिर्जना हुनेछ ।

उत्पादनमा संलग्न व्यक्ति, संस्था वा निकायको मनोबल बढाउनका लागि महत्त्वपूर्ण कृषि उपजहरू (जस्तै : धान, मकै, गहुँ, उखु, स्याउ लगायत)को समर्थन मूल्य तोकिदिने, किसानको उत्पादन बिक्री नभई खेर जाने अवस्था भएमा सरकारी निकायले नै खरिद गर्ने व्यवस्था गरिनुपर्छ । कृषि बिमालाई प्रभावकारी बनाउनुपर्छ । देशमै उत्पादन हुने फलफूल र तरकारीको संरक्षणका लागि यस्ता वस्तुको आयातमा उच्च दरको कर लगाउन सकिन्छ ।

निर्यातजन्य वस्तुहरूको वस्तुगत तथा देशगत विविधीकरणमा जोड दिनुपर्छ । यसका लागि नेपाल र चीनबिच भएका पारवहन सम्झौताहरूको प्रभावकारी कार्यान्वयन तथा अन्य मुलुकमा समेत व्यापारिक सम्बन्धको खोजी गरिनुपर्छ ।

राजनीतिक भागशान्तिभन्दा पनि योग्यता र विज्ञताका आधारमा विदेशस्थित कूटनीतिक नियोगका पदाधिकारीको नियुक्ति गरिनुपर्छ । जो न्यायपूर्ण श्रम आदान-प्रदान र आयात-निर्यातमा पहल गर्न सक्षम होउन् ।

लघुवित्त, सहकारी लगायत न्यून पुँजी परिचालनका माध्यममा देखिएको बेथितिले आम जनमानसमा निराशा सिर्जना गरेको छ । सुशासनको अभिवृद्धि नै जनतामा आशा सञ्चारित गर्न सकिन्छ । जनतालाई उत्पादनसँग नजोडी देशको अर्थतन्त्र सुदृढ हुँदैन, त्यसैले जनतालाई उत्पादनमूलक कार्यमा लगाउने आधारहरु राज्यले सिर्जना गर्नुपर्छ । खासगरी राज्यले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको प्रोफाइल तयार गरी उनीहरूमा रहेको ज्ञान, सीप र क्षमतालाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्छ ।

वैदेशिक रोजगारलाई पनि भरपर्दो, सुरक्षित र मर्यादित बनाउन सकिन्छ । यसका लागि श्रमिकको हकहितको विषयमा अधिकतम लाभ प्राप्त गर्ने गरी पक्ष राष्ट्र वा गन्तव्य मुलुकसँग सम्झौता गर्न पहल गर्नुपर्छ ।

अर्थतन्त्रका विविध पक्ष (कृषि, उद्योग, व्यापार, पर्यटन लगायत)मा जोड दिई वैदेशिक रोजगारीलाई बिस्तारै व्यवस्थित बनाउँदै लैजान आवश्यक छ ।जिस

(लेखक नेपाल सरकारकी शाखा अधिकृत हुन् ।) रातोपाटीबाट


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

# मधेशले संविधानमा सुधार र समावेशी सहभागिता चाहेको छ : डा. कोइराला

**राजविराज**/नेपाली काँग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले मधेशले संविधानमा सुधार र समावेशी सहभागिता चाहेकोले त्यसलाई काँग्रेसले संस्थागत गर्न अघि बढ्नुपर्ने बताएका छन् ।

जय नेपाल फाउन्डेशन जिल्ला कार्यसमिति सप्तरीको आयोजनामा सोमबार राजविराजमा गरिएको विचार गोष्ठीमा बोल्दै नेता कोइरालाले सो कुरामा बताएका हुन् । उनले देश आर्थिक समृद्धितिर लग्न हरेक प्रदेशमा महिलालाई उद्यमशील बनाउनुपर्नेमा जोड दिएका छन् ।

सुशासन र आर्थिक विकासको निम्ती गठवन्धन गरेको यो सरकारको काम कारवाही जनताले अपेक्षा गरे भैं नदेखिएको जिकिर समेत गरे ।

"सरकारको १८ खर्वको बजेट छ । प्रत्येक वर्ष ३ खर्व ऋण तिर्न जान्छ । ३ खर्ब विकासीय बजेट अर्थात पुँजीगत बजेट हो । वर्षेनी १२ खर्ब भइरहेको चालू खर्च घटाउन सकेका छैनौ । यो अवस्थामा हाम्रो देश चलेको छ ।" उनले भने ।

जय नेपाल फाउन्डेसनका केन्द्रीय अध्यक्ष बद्री आचार्यको उपस्थिति समेत रहेको विचार गोष्ठी कार्यक्रममा मधेस प्रदेशका सबै जिल्लाका नेता तथा कार्यकर्ताहरू र कोशी प्रदेशका सुनसरी, मोरङ लगायतका जिल्लाका नेता जिल्ला अध्यक्षहरूको समेत सहभागिता रहेको फाउन्डेसनका जिल्ला अध्यक्ष अर्जुन प्रसाद साहले जानकारी दिए ।




***आज मधेश ...***

हुने मंसिर २३ गते सार्वजनिक तथा सरकारी निकायका लागि बिदा घोषणा गरेको थियो ।

मुख्यमन्त्री सतिशकुमार सिंहले लाखौंको सँख्यामा श्रद्धालु भक्तजनहरूको गहिरो आस्था र दृढ विश्वास रहँदै आएकाले र प्रदेशको धरोहरको रूपमा स्थापित गढीमाई मेलामार्फत घरेलु पर्यटन विकासलाई थप बलियो बनाउने गरी बिदा घोषणा गरिएको बताए ।

***सञ्चार क्षेत्रको ...***

कार्यवाहक अध्यक्ष कैलास दासको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण, प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत सहितकाले संस्थापक अध्यक्ष भट्राइको नाउमा पुरस्कारको व्यवस्था हुनु पर्नेमा जोड दिए ।


## चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ । हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो । तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो । चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो । चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ । चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं ।

**डिभिजन वन कार्यालय**
**राजविराज, सप्तरी**



## लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश


## अन्तर्राष्ट्रिय समाचार

### भारतद्वारा युरोपेली उपग्रह बोक्ने रकेट सफलतापूर्वक प्रक्षेपण

**नयाँ दिल्ली**/भारतको अन्तरिक्ष एजेन्सी र भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) ले बिहीबार युरोपेली अन्तरिक्ष एजेन्सीको प्रोबा-३ उपग्रहहरू बोकेको पिएसएलभी-५९ रकेट सफलतापूर्वक प्रक्षेपण गरेको छ ।

उक्त प्रक्षेपण दक्षिणी राज्य आन्ध्र प्रदेशको श्रीहरिकोटा क्षेत्रमा रहेको सतीश धवन अन्तरिक्ष केन्द्रबाट गरिएको हो । पिएसएलभी रकेटमा रहेको प्रोबा-३ मिसनका दुई उपग्रहहरू प्रक्षेपणको केही मिनेटपछि सफलतापूर्वक अलग भएका इसरोले सामाजिक सञ्जमालमा उल्लेख गरेको छ । एजेन्सी

### सिरियामा दुई लाख ८० हजार भन्दा बढी मानिस विस्थापित : राष्ट्रसंघ

**जेनेभा**/सिरियाको उत्तरपश्चिम हयात तहरीर अल-शाम ( एचटीएस) को नेतृत्वमा रहेको क्षेत्रमा आक्रमणपछि दुई लाख ८० हजार भन्दा बढी मानिस विस्थापित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घले ट्वीटरमा साझा गरेको पोस्टमा लेखेको छ, "हालैको हिंसामा केही दिनमै उत्तरपश्चिम सिरियामा दुई लाख ८० हजार भन्दा बढी मानिस विस्थापित भएका छन् । राष्ट्रसङ्घले सिरियामा सबैभन्दा कमजोरलाई सहयोग गर्न मानवीय प्रयासहरू बढाउँदैछ ।"

यसैबीच, हजारौं बासिन्दाहरू होम्स शहरबाट भागेका छन् । दमास्कसतर्फ विद्रोहीहरूको अग्रसरतामा त्रास फैलिएको छ ।

सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्स (एसओएचआर) ले शुक्रबार हजारौं होम्सका बासिन्दाहरू पश्चिमी किनारतर्फ रातभरि भाग्न थालेका जनाएका छन् । यहाँ सिरियाली राष्ट्रपति बसर अल-असदले अझै पनि नियन्त्रण कायम राखेका छन् ।

बिहीबार उत्तरको हामा सहर कब्जा गरेपछि विद्रोहीहरूले होम्सको चौराहे शहरमा आफ्नो नजर राखेका छन्, जुन कब्जा गरेमा राष्ट्रपति बसर अल-असदको नियन्त्रणमा रहेको क्षेत्र विभाजित हुनेछ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार एक दशक भन्दा बढीको युद्धमा तीन लाख भन्दा बढी नागरिक मारिएका छन्, जबकि लाखौं क्षेत्रभरि विस्थापित भएका छन् । एजेन्सी

### गाजामा युद्धविरामका लागि वार्ताको समय आएको कतारी प्रधानमन्त्रीको भनाइ

**दोहा**/अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि गाजामा युद्धविराम र बन्धक आदानप्रदान सम्झौतालाई मजबुत बनाउने उद्देश्यका साथ वार्ता गर्ने समय फेरि भएको कतारका प्रधानमन्त्रीले शनिबार बताउनुभएको छ ।

राजनीतिक संवादका लागि दोहा फोरममा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानीले भन्नुभयो, "अमेरिकी निर्वाचनपछि हामीले युद्धविराम वार्ताको आवश्यकता महसुस गरेका छौं र यो समय फेरि आउँदैछ।"

कतारी प्रधानमन्त्रीले कार्यकाल सकिँदै गरेको र नयाँ आउन लागेको अमेरिकी प्रशासनको सम्झौताप्रतिको दृष्टिकोणमा 'केही भिन्नता' भए पनि 'युद्ध अन्त्य गर्ने लक्ष्यमा कुनै असहमति देखेका छैनौं ।"

संयुक्त राज्य अमेरिका र इजिप्टसँग मिलेर कतारले गाजामा युद्धविराम र बन्धक रिहाइका लागि महिनौंदेखिको असफल वार्ताका लागि मध्यस्थता गरेको थियो । वार्ताको उद्देश्य र युद्धरत पक्षबीचको बुझाइमा एकरूपता आउन नसक्दा कतारले तत्कालका लागि मध्यस्थताको औचित्यता सकिएको निश्कर्ष निकाल्दै जिम्मेवारीबाट पछि हटेको थियो ।

गत नोभेम्बरमा दोहाले हमास र इजरायलले 'इच्छा र गम्भीरता' देखाएपछि मध्यस्थता पुनः सुरु गर्ने घोषणा गरेको थियो ।

शेख मोहम्मदले भन्नुभयो, "राष्ट्रपति कार्यालय आउनुभन्दा पहिले नै सम्झौता हासिल गर्नका लागि आगामी प्रशासनबाट धेरै प्रोत्साहन प्राप्त भएको छ, यसले विगत दुई हप्तामा वार्तालाई 'ट्र्याकमा फर्काउने' कतारी निर्णयलाई बल मिलेको छ । एजेन्सी

"हामी जतिसक्दो चाँडो काम सम्पन्न गर्ने आशा राख्छौं हाम्रो सबै पक्षहरूको सद्भावमा संलग्न हुने इच्छा जारी रहनेछ," उहाँले भन्नुभयो ।

संयुक्त राज्य अमेरिकाको समर्थनमा सन् २०१२ देखि कतारले हमासका लागि उसको राजनीतिक ब्युरोलाई राख्न दिएको बिषयलाई लिएर कतारले थप दबाब को सामना गर्नुपर्ने सम्भावना रहेको भन्ने भनाइलाई पनि प्रधानमन्त्रीले खण्डन गर्नुभएको छ ।

उक्त कार्यालयलाई 'विभिन्न पक्षबीच भेला हुने मञ्च' को संज्ञा दिँदै कतारले प्यालेस्टिनी लडाकूविरुद्ध अन्य समाधान खोज्ने अपेक्षा नगरिएको' उहाँले बताउनुभयो ।

सन् २०२३ को अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणका क्रममा लडाकूहरूले २५१ जनालाई अपहरण गरेका थिए, जसमध्ये ९६ जना गाजामै छन् । गाजामा रहेका भनिएकामध्ये पनि ३४ जनाको मृत्यु भएको पुष्टि इजरायली सेनाले गरेको छ ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले यसै साताको सुरुमा सामाजिक सञ्जालमार्फत आफूले कार्यभार सम्हाल्ने बेलासम्म बन्धक बनाइएकाहरूलाई रिहा नगरे गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिनुभएको थियो । ट्रम्पले इजरायललाई कडा समर्थन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । एजेन्सी

# गृहमन्त्री लेखीले गरे कारागारको अनुगमन



**राजविराज**/मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखिले बिहीबार राजविराज कारागारको अनुगमन गरेका छन् ।

सो क्रममा मन्त्री लेखीले कारागारको अवस्था अत्यन्त दयनीय रहेको भन्दै त्यसलाई सुधारका लागि सम्बन्धीत निकायलाई सुझाव दिएका छन् । कारागारको जग्गा अतिक्रमण भएको बारे कारागार प्रशासनले मन्त्री लेखीलाई जानकारी गराएपछि सो सम्बन्धमा आफू गम्भिर भएको र संघीय सरकारलाई जानकारी गराई आवश्यक कदम उठाउने उनको भनाई छ ।

कारागारमा कैदीबन्दीहरु क्षमता भन्दा अत्याधिक रहेको बताउँदै मन्त्री लेखीले उनीहरुको क्षमता विकासका लागि सीपमुलक तालिम र फर्निचरसहित पुस्तकालयको व्यवस्था गर्न संचार मन्त्रालयको तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएहरु ।

निरिक्षणकै क्रममा मन्त्री लेखीले कारागार परिसर र कैदीबन्दी बस्ने ठाउँ अत्यन्त फोहर र दुर्घन्धित रहेको बताउँदै त्यसप्रति कारागार प्रशासन गम्भिर बन्नु पर्ने उल्लेख गरे ।

ती सबै समस्याहरु बारे आफू संघीय सरकारसँगका मन्त्री तथा प्रतिनिधिहरुसँग हुने आगामी बैठकमा जानकारी गराउने र समस्या समाधान गर्तेतर्फ सक्दो पहल गर्ने प्रतिबद्धता जनाए ।

उनले कारागार सुरक्षामा खटिएका प्रहरी कर्मचारीहरु बस्ने भवन तथा मेसको अनुगमन तथा निरीक्षण गर्नुका साथै कारागारमा रहेका कैदीबन्दीहरुसँग प्रत्यक्ष भेटघाट पनि गरे ।

अनुगमन तथा निरिक्षणका क्रममा मन्त्री लेखीसँग सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, राष्ट्रिय अनुसन्धान विभाग सप्तरीका उपअनुसन्धान निर्देशक सुरेन्द्र कोईराला, सशस्त्र प्रहरी गण नं. ६ का सशस्त्र प्रहरी नायव उपरीक्षक विपन देसार लगायतको उपस्थिति रहेको थियो ।

# शिक्षकलाई मासिक तलब दिन परिपत्र

**राजविराज**/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शिक्षकहरूको तलब भत्ता मासिक भुक्तानीको व्यवस्था गर्न स्थानीय तहहरूलाई परिपत्र गरेको छ ।

'शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्था' आवश्यक जानकारी तथा कार्यार्थ भन्दै मन्त्रालयले स्थानीय तहहरूलाई परिपत्र गरेको हो ।

यसअघि शिक्षा मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रकाशन मन्त्रालयलाई शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनले कुनै शिक्षकको मासिक तलब भत्ता रोक्का राख्ने व्यवस्था गरेको अवस्थामा बाहेक शिक्षकले काम गरेबापत पकाएको तलब भत्ता मासिक भुक्तानी गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहमा परिपत्र गर्न भन्दै पत्र पठाएको थियो ।

शिक्षा मन्त्रालयले गत सोमबार पठाएको पत्र अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई परिपत्र गरेको हो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षकहरूलाई मासिक रूपमा तलब निकासा गर्न स्थानीय तहरूमा ताकेता गर्दै आएको थियो । देशभरका ७५३ वटै पालिकालाई सूचना जारी गर्दै केन्द्रले शिक्षकको तलब मासिक रूपमा भुक्तानी हुने व्यवस्था मिलाउन केन्द्रले भन्दै आएको थियो ।

# पूर्वमन्त्री यादवले गरे अस्पतालको अनुगमन

**राजविराज**/मधेश प्रदेशका पूर्व शिक्षमन्त्री महेश प्रसाद यादवले राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको निरिक्षण गरेका छन् ।

स्पतालको वार्ड/वार्डमा पुगेर प्रदेश सभासदस्य यादवले उपचार व्यवस्था, सरसफाई, विरामीको समस्या तथा सुधार्नु पर्ने पक्षका बारेमा जानकारी समेत लिएका छन् ।

उनले अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. श्रीराम तिवारी समेतलाई साथमा लिई आवश्यक जानकारी पनि लिएका छन ।

निरक्षणका क्रममा उनले अस्पतालका विरामीहरुलाई दिनु पर्ने औषधी र उपचार, विरामीसँग मैत्रिपुर्ण व्यवहार तथा विरामीलाई आवश्यक परेका बखत चिकित्सकको उपलब्धता मिलाउन लगायतका विषयमा मेसु तिवारीलाई निर्देशन दिए ।

उनले अस्पताल आउने निम्नआय भएका सबै विरामीलाई समेत गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने व्यवस्था मिलाउन आफुले समेत पहल गर्ने प्रतिबद्धता जनाए ।

जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका उनले विरामीको सेवामा सर्मपित चिकित्सकहरुको भुमिका मानवीय भावनाले ओतप्रोत रहनु पर्ने भन्दै त्यसलाई गजेन्द्र नारायण सिह अस्पतालका चिकित्सकहरुले पनि प्रमाणित गरेर देखाउन आग्रह गरे ।

सो क्रममा मेसु तिवारीले अस्पतालमा आएका विरामीहरुलाई उपलब्ध जनशक्ती तथा उपकरणको आधारमा सके सम्म गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिरहेको जानकारी दिदै थप जनशक्ती र उपकरण उपलब्ध भएमा अझै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल सक्षम हुने बताएका थिए ।

निरिक्षण टोलीमा जनमत पार्टीका जिल्ला इर्न्चाज रामगमन साहका साथै स्थानीय नेता/कार्यकता तथा संचारकर्मीहरुको समेत सहभागित थियो ।

# आजपाको सप्तरी कमिटि बिस्तार

**राजविराज**/आम जनता पार्टी (आजपा) सप्तरीको जिल्ला कमिटी विस्तार गरिएको छ ।

बिस्तारित कमिटिको अध्यक्षमा प्रभु साह तथा उपाध्यक्षमा प्रभु नारायण यादव, फेकन मण्डल, नन्दन यादव, सचिवमा मो. ईस्लाम, सहसचिवमा मुकेश देव, श्रवण माझी, आनन्द यादव र कोषाध्यक्षमा गेनावति साह रहेका छन् ।

आजपा सप्तरी जिल्ला कमिटीको इन्चार्जमा उमेश कुशवाहा र सह ईन्चार्जमा सुनिल राज दासलाई जिम्मेवारी दिइएको सो पार्टीले जनाएको छ ।

यसैगरी सदस्यहरुमा सदस्य गिता साह, विशेश्वर प्रसाद साह, रमिता चौधरी, किरण साह, उपेन्द्र मंडल, प्रदिप कुमार साह, महेश साह, बिरेन्द्र साह, दिनेश सुतिहार, जयकान्त साह, जुगेशवर साह, कृष्ण साह, जयनरायण मंडल, अयोगि मंडल, सुनिता केशरी, बिहल साह, नारायण साह, शिवनाथ राम, गौरी मंडल, गौरी साह, कपुर देवी राम, चनन कुमारी राम, किरण साह, शोभा साह, सुनिता सदा, सौनिया सदा, तारावती राम, रेखा सदा, मो.नसार हुसेन, मो.कैयुम, रहेका छन् ।

त्यसैगरी मो.कलामउद्दिन, जैतुन खातुन, समिना खातुन, सहनाज खातुन, सैफुल खातुन, बिभा यादव, सुभिता सदा, सन्तोषी देवी साह, शोभा देवी साह, रुबी देवी साह, रोहित कुमार साह, मो. तोजित, मो. तैयव, मो.ईसाक, मो. हसमत, मो. यैयुब, मो.उस्मान, रघु सदा, चन्दी सदा, दिपेन सदा, सन्तोष कुमार साह, देव कुमार राम, गोपाल साह, राजीव देव, रामदेव साह, मो.रफिद, मो.हजरत, मो.इसराईल, मुन्ने खातुन, ललिता चौधरी, बिभा देवी मंडल, ईनरदेव मंडल, नारायण पाल, श्याम सुन्दर सदा, विनय कुमार सदा, बिमल कुमार सदा, राजकुमार सदा, इनर देव सदा, सबुर लाल सदा, अजय कुमार सदा, केसर सदा, लिलम राम, फुलेश्वरी देवी राम, फुल कुमारी देवी राम, सकिला खातुन, मो. अनवर, किसन देवी राम, फुल कुमारी देवी राम, सकिला खातुन, मो. अनवर, किसन देवी राम लगायतका रहेको आजपा मधेस प्रदेश कमिटीका अध्यक्ष उमेश कुशवाहाले जनाएका छन् ।

# कीर्ते हस्ताक्षर गरेर रकम निकालेका प्रअ पक्राउ

**रौतहट**/रौतहटको चन्द्रनिगाहापुर नगरपालिकास्थित आधुनिक प्राथमिक विद्यालय राजपैडाका प्रधानाध्यापकले कीर्ते हस्ताक्षर गरेर रकम निकालेको खुलेको छ ।

प्रअ किशोरी चौधरीले कीर्ते हस्ताक्षर गरी विद्यालयको बैंक खातामा रोक्का रहेको २९ लाख ३५ हजार ५२९ रुपैयाँ निकाली हिनामिना गरेको प्रहरीले जनाएको छ । सोही आरोपमा प्रहरीले प्रअ चौधरीलाई पक्राउ समेत गरेको छ ।

पक्राउ परेका चौधरीविरुद्ध लिखतसम्बन्धी कसुरमा रौतहट जिल्ला अदालतबाट म्याद लिएर अनुसन्धान अघि बढाइएको रौतहटका डीएसपी दीपककुमार रायले बताए ।

नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को विशेष अनुदानबाट ४ कोठे भवन निर्माणका लागि ४७ लाख ७५ हजार ५१२ रुपैयाँ निकास भएको थियो । भवन निर्माणको ठेक्का ब्रह्म बाबा कन्ट्रक्सनलाई दिइएको थियो । काम भएपछि रकम नियमानुसार भुक्तानी पाउने गरी रोक्का गरिएको थियो ।

प्राविधिक जाँच तथा पहिलो रनिङ बिल भरपाइको आधारमा नगरपालिकाको पत्रद्वारा २० लाख १० हजार ५२९ रुपैयाँ ब्रह्म बाबाले पाउने गरी रकम फुकुवा गरिएको थियो ।

उक्त रकम निकालेपछि प्रधानाध्यापक चौधरीले नगरपालिकाको पत्ररूमा कीर्ते हस्ताक्षर गरी बाँकी रहेको २९ लाख ३५ हजार ५२९ रुपैयाँ निकाली हिनामिना गरेको आरोप छ ।

# मृत बालिकाको पहिचान खुल्यो

**राजविराज**/सप्तरीको कोशी पलारमा मृत भेटिएकी बालिकाको पहिचान खुलेको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ११ सखुवास्थित कोशी पलारमा अन्दाजी ३ फिट पानीमा राजविराज वडा नं. १४ की ९ वर्षिया सन्ध्या कुमारी मण्डलको शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरी प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार मृतक बालिकाका बुबा इन्द्रजित मण्डलको छोरी रहेको बताएका छन् । घटना बारे थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# अन्तराष्ट्रिय अपाङ दिवसमा कार्यक्रम

**राजविराज**/३३औं अन्तराष्ट्रिय अपाङ दिवसको अवसरमा मंगलबार राजविराजमा विभिन्न कार्यक्रमको आयोजना गरि मनाइएको छ ।

समावेशी अपाङ संघ, बौद्धिक अपाङगता अभिभावक संघ र बौद्धिक अपाङ संघ सप्तरीको संयुक्त आयोजनामा गरिब तथा असक्त अपाङहरुलाई कम्बल तथा झोला र शैक्षिक सामाग्रि बितरण कार्यक्रमको आयोजना गरेको हो ।

राजविराज नगरपालिका, नेपाल एसबिआई बैंक र लिभ इन्क्लुसिभको सहयोगमा आयोजित कार्यक्रममा ३५ असक्त अपाङलाई कम्बल तथा १५ जना विद्यार्थीलाई झोला र शैक्षिक सामाग्रि बितरण गरिएको छ ।

समावेशी अपाङ संघका अध्यक्ष सतिशचन्द्र झाको अध्यक्षता तथा राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परविनको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा बौद्धिक अपाङता अभिभावक संघका कार्यवाहक अध्यक्ष राजेश परियार, एसबिआई बैंकका शाखा प्रबन्धक परिक्षा दास, शम्भु चौरसिया, बहिरा संघका अध्यक्ष अरबिन्द्र चौधरी, वडा नं. ३ का अध्यक्ष अनिल दास, राजविराज नगरपालिकाका सामाजिक शाखा प्रमुख अनिता चौधरी, शिक्षा शाखाका भगवती विश्वकर्मा लगायतको उपस्थिति रहेको थियो ।


## माटोको उर्वराशक्ति जोगाऔं

- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छवाली तथा पातपतिङ्गरलाई नजलाऔं,
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भू-क्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जग्गामा कृषि वन प्रणाली अपनाऔं,
- रसायनिक मलको न्यून प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*